# अन्नपूर्ण गाउँपालिका

## स्थानीय राजपत्र

**बर्ष :१, खण्ड : ६, माछापोखरी,कास्की मिति २०७५ साल अषाढ १२**

भाग-२

## अन्नपूर्ण गाउँपालिकाको 'घ' बर्गको निर्माण व्यवसायी इजाजतपत्र कार्यविधि, २०७४

**प्रस्तावनाः**

स्थानीयस्तरको विकास निर्माणमा निजी क्षेत्रको ज्ञान र विशेषज्ञतालाई उपयोग गर्न तथा सार्वजनिक खरिदको मूलभूत मान्यतालाई आत्मसाथ गरी सार्वजनिक निर्माणको क्षेत्रमा पारदर्शिता, स्वच्छता, इमान्दारिता, जवाफदेहीता, विश्सनीयता तथा भेदभाव रहित प्रतिस्पर्धा एवं स्रोत साधनको उच्चतम उपयोगमा एकरूपता कायम गरी "घ" वर्ग निर्माण व्यवसायीको इजाजतपत्रलाई व्यवस्थित गर्न वाञ्छनीय भएकाले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ को उपदफा २ को छ (१०) बमोजिम स्थानीय तहले दिएको अधिकार प्रयोग गरी अन्नपूर्ण गाउँपालिकाले यो कार्यविधि जारी गरेको छ ।

**परिच्छेद - १**
**प्रारम्भिक**

**१. संक्षित नाम र प्रारम्भः**

(१) यस कार्यविधिको नाम अन्नपूर्ण गाउँपालिका घ वर्ग निर्माण व्यवसायी इजाजत पत्र कार्यविधि २०७४ रहेको छ ।

(२) यो कार्यविधि तुरुन्तै प्रारम्भ हुनेछ ।

**२. परिभाषाः**

विषय वा प्रसंगले अन्य अर्थ नलागेमा,

(क) “सार्वजनिक निर्माण कार्य” भन्नाले प्रचलित कानून बमोजिम नेपाल सरकार तथा नेपाल सरकारको पूर्ण स्वामित्व भएको संगठित संस्था वा प्रदेश सरकार वा अन्नपूर्ण गाउँपालिकाको तर्फबाट सम्पन्न गरिने जुनसुकै प्रकारका निर्माण सम्बन्धी कार्य सम्झनु पर्दछ । र, सो शब्दले पुनःनिर्माण तथा मर्मत सम्भारको कार्य समेतलाई जनाउनेछ ।

(ख) “निर्माण व्यवसायी” भन्नाले निर्माण व्यवसाय सञ्चालन गर्ने उद्देश्यले प्रचलित कानून बमोजिम दर्ता भएको फर्म वा कम्पनीलाई सम्झनुपर्दछ ।

(ग) “इजाजतपत्र” भन्नाले सार्वजनिक निर्माण कार्य गर्नको लागि परिच्छेद-३ सँग सम्बन्धित इजाजत पत्र सम्झनुपर्दछ ।

(घ) “कार्यपालिका” भन्नाले अन्नपूर्ण गाउँ कार्यपालिका सम्झनु पर्दछ ।

(ङ) “प्रमुख प्रशासकीय अधिकृत” भन्नाले अन्नपूर्ण गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनुपर्दछ ।

(च) “समिति” भन्नाले यस कार्यविधिको दफा ३ बमोजिमको समितिलाई सम्झनुपर्दछ ।

(छ) “अध्यक्ष” भन्नाले समितिको अध्यक्षलाई सम्झनुपर्दछ ।

(ज) “कोष” भन्नाले निर्माण व्यवसायीको कोषलाई सम्झनुपर्दछ ।

(झ) “ऐन तथा नियमावली” भन्नाले निर्माण व्यवसाय ऐन, २०५५ र नियमावली २०५६ सम्झनुपर्दछ ।

## परिच्छेद-२
## इजाजत पत्रको नीति र समिति सम्बन्धी व्यवस्था

**३. निर्माण व्यवसायलाई सुदृढ र सुव्यवस्थित रूपमा सञ्चालन गर्न आवश्यक नीति तयार गर्न देहाय बमोजिमको सार्वजनिक निर्माण समिति रहनेछ ।**

| | |
|---|---|
| (क) गाउँपालिका अध्यक्ष | -अध्यक्ष |
| (ख) गाउँपालिका प्रमुख प्रशासकीय अधिकृत | -सदस्य |
| (ग) योजना अधिकृत वा योजना शाखा प्रमुख | -सदस्य |
| (घ) लेखा अधिकृत वा लेखा शाखा प्रमुख | -सदस्य |
| (ङ) प्राविधिक तथा निर्माण शाखा प्रमुख वा निजले तोकेको प्राविधि | -सदस्य |

**४. समितिको बैठक सम्बनधी व्यवस्था समिति आफैंले निर्धारण गरेको कार्यविधि बमोजिम हुनेछ ।**

**५. निर्माण व्यवसायको प्रवर्द्धन तथा व्यवस्थापन गर्ने सम्बनधमा अन्नपूर्ण गाउँपालिकालाई आवश्यक सहयोग पुऱ्याउन र छानवीन गरी कार्यान्वयन गर्न एक कार्यान्वयन समिति गठन हुनेछ ।**

(क) प्राविधिक तथा निर्माण शाखाका प्रमुख वा तोकिएको प्राविधिक -अध्यक्ष

(ख) प्राविधिक -सदस्य

(ग) प्रमुख प्रशासकीय अधिकृतले तोकेको व्यक्ति -सदस्य सचिव

**६. समितिको बैठक सम्बन्धी कार्यविधि समिति आफैंले तोके बमोजिम हुनेछ ।**

## परिच्छेद-३

## इजाजत पत्र सम्बन्धी व्यवस्था

**७. इजाजत पत्रको लागि दरखास्त दिनुपर्ने :**

सार्वजनिक निर्माण कार्य गर्न चाहने निर्माण व्यवसायीले अनुसूची-१ बमोजिमको ढाँचामा निर्माण कार्य गर्न इजाजत पत्रको लागि दफा ५ अनुसार गठित समिति समक्ष दरखास्त दिनुपर्नेछ ।

**८. दरखास्त जाँचबुझ गर्नुपर्ने :**

(१) दफा ७ बमोजिम दरखास्त पर्न आएपछि समितिले त्यस्तो दरखास्तवाला निर्माण व्यवसायीको आर्थिक तथा प्राविधिक योग्यता जाँचबुझ गर्नुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम जाँचबुझ गर्दा दरखास्तमा उल्लेख भएको विवरणसँग सम्बन्धित अन्य कुनै कागजात आवश्यक पर्ने देखेमा समितिले दरखास्तवाला निर्माण व्यवसायीलाई थप कागजात पेश गर्न लगाउन सक्नेछ ।

**९. इजाजत पत्र दिन सिफारिस गर्ने :**

दफा ८ बमोजिम जाँचबुझ गर्दा दरखास्तवाला निर्माण व्यवसायीको माग बमोजिम इजाजत पत्र दिन मनासिव देखेमा समितिले दरखास्त परेको मितिले तीस दिनभित्र गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत समक्ष सिफारिस गर्नेछ ।

**१०. इजाजतपत्र दिनुपर्ने :**

(१) दफा ९ बमोजिम समितिबाट सिफारिस भई आएपछि त्यस्तो सिफारिस भई आएको मितिले पन्ध्र दिनभित्र प्रमुख प्रशासकीय अधिकृतले सम्बन्धित दरखास्तवालासँग तपसील बमोजिम तोकिएको शुल्क लिई अनुसूची-२ को ढाँचामा इजाजतपत्र दिनुपर्ने छ ।

(क) नयाँ इजाजतपत्र दर्ता शुल्कः रु. १,०००।- (अक्षेरुपि एक हजार मात्र)।

(ख) इजाजतपत्र शुल्क रु. २५,०००।-(अक्षेरुपी पच्चीस हजार मात्र)।

(ग) वार्षिक नवीकरण शुल्कः रु. १०,०००।- (अक्षरुपि दश हजार मात्र) ।

(घ) आ.व. समाप्त भएको मितिले तीन महिना कटेपछि ६ महिनाभित्रको नवीकरण शुल्कः रु. २०,०००।- (अक्षरुपि बीस हजार मात्र) ।

(ङ) आ.व. समाप्त भएको मितिले ६ महिना कटेपछि एकवर्षभित्रको नवीकरण शुल्कः रु. २५,०००। (पच्चीस हजार मात्र) ।

(च) आ.व. समाप्त भएको एकवर्ष भन्दा बढी समयसम्म नवीकरण नगराएमा इजाजत पत्र स्वतः खारेज हुनेछ ।

(२) उपदफा १ बमोजिम दिइएको इजाजतपत्रको अभिलेख अनुसूची-३ बमोजिमको ढाँचामा अद्यावधिक गराई राख्नुपर्नेछ ।

**११. इजाजत नवीकरण सम्बन्धी व्यवस्था :**

(१) दफा १० को उपदफा (१) बमोजिम प्रदान गरिएको इजाजतपत्र प्रत्येक आर्थिक वर्षको अन्त्यमा समाप्त हुनेछ ।

(२) उपदफा १ बमोजिम इजापत्रको अवधि समाप्त भएको मितिले तीन महिनाभित्र अनुसूची-४ बमोजिमको ढाँचामा तोकिएको दस्तुर संलग्न राखी नवीकरणका लागि दरखास्त दिनुपर्नेछ । तीन महिना कटेपछि नवीकरण हुन आउने व्यसायीले थप बिलम्ब शुल्क तिरी नवीकरण गर्न सक्ने छन् ।

(३) उपदफा (२) बमोजिम इजाजतपत्र नवीकरणका लागि दरखास्त परेपछि अध्यक्षले सो दरखास्त उपर आवश्यक जाँचबुझ गरी इजाजत पत्र नवीकरण गरिदिनु पर्नेछ ।

(४) उपदफा (२) बमाजिम म्यादभित्र इजाजतपत्र नवीकरण गराउन नसक्ने निर्माण व्यवासयीले त्यस्तो म्याद नाघेको छ महिनाभित्र सो इजाजतपत्र नवीकरण गराउन चाहेकमा नवीकरण दस्तुरको दोब्बर दस्तुर राखी दरखास्त दिनुपर्नेछ ।

(५) उपदफा ४ बमोजिम दरखास्त परेपछि अध्यक्षले त्यस्तो इजाजतपत्र उपर आवश्यक जाँचबुझ गरी इजाजतपत्र नवीकरण गरिदिनुपर्नेछ ।

**१२. दर्ता किताव :**

(१) समितिले यस कार्यविधि बमोजिम प्रदान गरिएको इजाजतपत्र अनुसूची-५ बमोजिमको ढाँचामा दर्ता किताव खडा गरी अद्यावधिक सहित राख्नुपर्नेछ ।

(२) उपदफा १ बमोजिमको दर्ता कितावमा यो कार्यविधि प्रारम्भ हुनु अगावै प्रचलित कानून बमोजिम प्रदान गरिएका इजाजतपत्रको अभिलेख समेत दुरुस्त बनाई राख्नुपर्नेछ ।

## परिच्छेद-४

## "घ" वर्ग निर्माण व्यवसायी र दायित्व

**१३. "घ" वर्ग निर्माण व्यवसायी :**

(१) यस कार्यविधिको अनुसूची-६ बमोजिमको योग्यता भई इजाजतपत्र प्राप्त निर्माण व्यवसायीलाई “घ” वर्ग निर्माण व्यवसायी भनिनेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि यो कार्यविधि प्रारम्भ हुनअघि प्रचलित कानून बमोजिम इजाजतपत्र प्राप्त निर्माण व्यवसायीले जुन वर्गको इजाजतपत्र प्राप्त गरेको छ सोही वर्गमा स्वतः वर्गीकृत भएको मानिनेछ ।

**१४. सार्वजनिक निर्माण कार्यको विवरण पेश गर्ने दायित्व :**

(१) निर्माण व्यवसायीले सम्पन्न गरेको प्रत्येक सार्वजनिक निर्माण कार्यको विवरण त्यस्तो कार्य गरेको प्रमाणपत्र प्राप्त गरेको ३५ दिनभित्र अनुसूची-७ बमोजिमको ढाँचामा समिति समक्ष पेश गर्नु सम्बन्धित निर्माण व्यवसायीको दायित्व हुनेछ ।

**१५. निर्माण व्यवसायीलाई वर्गीकरण वा समूहीकरण गर्ने आधार :**

निर्माण व्यवसाय नियमावली २०५६ को नियम १० बमोजिम वर्गीकृत निर्माण व्यवसायीलाई वर्गीकरण गर्ने आधार संघ तथा प्रदेश सरकारले राजपत्रमा सूचना प्रकाशन गरी तोकिदिए बमोजिम हुनेछ ।

## परिच्छेद-५
## विविध

**१६. सहुलियतमा पैठारी गरिएका समानहरूको विवरण पेश गर्नुपर्ने :**

द्विपक्षीय वा बहुपक्षीय सम्झौता बमोजिम गरिने सार्वजनिक निर्माण कार्यको लागि प्रचलित कानून बमोजिम प्राप्त सुविधा अन्तर्गत स्वदेशी वा विदेशी निर्माण व्यवसायीले नेपालभित्र पैठारी गरेको सवारी साधन, मेशनरी औजार तथा यस्तै अन्य यन्त्र तथा उपकरणको विवरण अनुसूची-९ बमोजिमको ढाँचामा समिति समक्ष पेश गर्नुपर्नेछ ।

**१७. कोषमा बुझाउनुपर्ने दस्तुर :**

निर्माण व्यवसाय ऐन-२०५५ को दफा १७ को उपदफा २ को खण्ड (ख) को प्रयोजनका लागि निर्माण व्यवसायीले स्वीकृत ठेक्काको अंकको ०.२०% (शून्य दशमलव दुई शून्य प्रतिशत) को दरले हुन आउने रकम कोषमा दाखिला गर्नुपर्नेछ ।

**१८. इजाजतपत्रको प्रतिलिपि दस्तुर :**

कुनै निर्माण व्यवसायीले इजाजतपत्र हराए वा नासिएको कारणबाट इजाजतपत्रको प्रतिलिपि पाउनका लागि रु. ५०००।- (अक्षरुपि पाँच हजार मात्र) दस्तुर दाखिला गरी गाउँपालिकामा निवेदन दिनुपर्नेछ ।

**१९. इजाजत पत्र नाम सारी सम्बन्धि व्यवस्था :**

कुनै फर्म वा कम्पनी सो फर्म वा कम्पनीको प्रोप्राइटरले विक्री गर्न चाहेमा वा आय कुनै व्यक्तिले खरिद गर्न चाहेमा खरिद गर्ने प्रोप्राइटरले अनुसूची-६ वमोजिमको योग्यता भएको विवरण सहित दफा ९ वमोजिम तोकिएको शुल्क दाखिला गरेपछि इजाजत पत्र नामसारी गरिदिनुपर्नेछ ।

**२०. वाधा अड्काउ फुकाउने :**

यस कार्यविधिमा कुनै वाधा अड्काउ परे गाउँ कार्यपालिकाले निर्णय गरी फुकाउन सक्नेछ ।

**२१. बचाउ तथा खारेजी :**

यस कार्यविधिमा भएको कुनै प्रावधान नेपालको संविधान अनुसार प्रचलित ऐन, नियमावली र प्रचलित कानून तथा प्रदेश र संघ सरकारले बनाएको कानूनसँग बाझिन गएमा बाझिएको हदसम्म स्वतः खारेज हुनेछ ।

**अनुसूची-१**

**(दफा ७ सँग सम्बन्धित)**

**इजाजतपत्रका लागि दिइने दरखास्ता ढाँचा**

**विषयः इजाजतपत्र पाउँ भन्ने बारे ।**

श्री कार्यान्वयन समिति
अन्नपूर्ण गाउँ कार्यपालिकाको कार्यालय
कास्की ।

अन्नपूर्ण गाउँपालिका, घ वर्ग निर्माण व्यवसायी इजाजतपत्र कार्यविधि २०७४ को दफा ७ बमोजिम सार्वजनिक निर्माण कार्य गर्नका लागि इजाजतपत्र पाउन निम्न विवरण भरी यो दरखास्त पेश गरिएको छ :-

१. **दरस्खात पेश गर्ने फर्म वा कम्पनीको विवरणः**

नाम :-
ठेगााना :-
पोष्ट बक्स नं. :-
टेलिफोन :- फ्याक्स नं. :- ईमेल :-

२. **फर्म वा कम्पनीको प्रकृति**

| | |
|---|---|
| प्राइभेट लिमिटेड कम्पनी | पब्लिक लिमिटेड कम्पनी |
| एकलौटी | साझेदारी |

(कोष्ठमा रेजा लगाउनु पर्नेछ)

३. **सम्पर्कको लागि फर्म वा कम्पनीको आधिकारीक व्यक्तिको विवरण :-**

नामथर :-
ठेगाना :- पोष्ट बक्स नं. :-
टेलिफोन :- फ्याक्स :- ईमेल :-

४. **फर्म वा कम्पनीको विवरण :-**

दर्ता नं :- दर्ता मिति :-
अधिकृत पूँजी :- जारी पूँजी :-
दर्ता गर्ने कार्यालयको नाम र ठेगाना :-
फर्म वा कम्पनीको वेवसाइट :-

५. **इजाजतपत्र लिन चाहेको वर्ग :-**

६. **वर्गीकरण वा समूहिकरण हुन चाहेको समूह :-**

७. **आर्थिक स्रोतको विवरण :-**

किसिम रकम वित्तीय संथा/बैंकको नाम

स्थायी ओभर ड्राफ्ट
मुद्दती खाता
चल्ती खाता
बचत खाता
(उल्लिखित विवरण बाहेक अन्य विवरण भए छुट्टै पेश गर्न सकिनेछ ।)

**८. कामदारको विवरण :-**

(क) प्राविधिक :-
(ख) अप्राविधिक :-
(ग) अन्य :-

**९. आफ्नो स्वामित्वमा रहेको निर्माण सम्बन्धी सवारी साधन/मेशनरी औजारको विवरण :-**

| क.स | नाम/विवरण | दर्ता नं. | क्षमता | संख्या | मूल्य | खरिद मिति | अन्य व्यहोरा |
|---|---|---|---|---|---|---|---|
| १ | | | | | | | |
| २ | | | | | | | |
| ३ | | | | | | | |

द्रष्टव्यः यस विवरणमा उल्लिखित सवारी साधन तथा मेशिनरी औजारहरूको स्वामित्वको कागजात ( दर्ता प्रमाणपत्र) र सो मेशिनरी औजरहरू चालु अवस्थामा रहेको छ भनी मेकानिकल इञ्जिनिरयरद्वारा प्रमाणित भएको हुनुपर्नेछ ।

**१०. यसअघि सम्पन्न गरेको कामको विवरण :-**

| क.स. | निर्माण सम्बन्धी कामको प्रकृति | काम गरेको साल | रकम | ठेक्कादाता कार्यालयको नाम |
|---|---|---|---|---|
| १ | भवन निर्माण तथा मर्मत संभार | | | |
| २ | सडक निर्माण तथा मर्मत | | | |
| ३ | विमानस्थल निर्माण तथा मर्मत सम्भार | | | |
| ४ | बाँध, नहर जलाशय, पानी ट्याङकी तथा ढल निर्माण, पाइप विछ्याउने तथा मर्मत संभार | | | |
| ५ | सुरुङ, भूमिगत मार्ग तथा जलाशय (टनेल) निर्माण तथा मर्मत संभार | | | |
| ६ | विद्युत लाइन, निर्माण पावर स्टेशन निर्माण तथा मर्मत | | | |

| | | | | |
|---|---|---|---|---|
| | संभार | | | |
| ७ | हाइड्रोलिक स्ट्रक्चर | | | |
| ८ | पुल निर्माण तथा मर्मत संभार | | | |
| ९ | अन्य | | | |

**११. कर चुक्ता गरेको प्रमाण/कागजात :-**

(क)

(ख)

(ग)

यस दरखास्त फारममा उल्लिखित सम्पूर्ण व्यहोरा ठीक साँचो छ । झूठ्ठा ठहरे कानून बमोजिम सहुँला बुझाउँला ।

निर्माण व्यवसायीको छाप

दरखास्तवालको नाम :-

दस्तखत :-

मिति :-

द्रष्टव्य : यस दरखास्त फारमका साथ दरखास्त फारममा उल्लेख भएको व्यहोरा पुष्टि गर्न सम्बन्धित कागजातको प्रमाणित प्रतिलिपि संलग्न गर्नुपर्नेछ र कार्यालयले माग गरेको वखत सक्कल कागजात पेश गर्नुपर्नेछ ।

**अनुसूची-२**

**(दफा (१०) को उपदफा (१) सँग सम्बन्धित)**

**इजाजतपत्र**

मिति :-

इजाजतपत्र नं. :-..........................................

अन्नपूर्ण गाउँपालिका, “घ” वर्ग निर्माण व्यवसायी इजाजतपत्र कार्यविधि २०७४ को दफा १० बमोजिम निर्माण व्यवसाय गर्न ............................................................ स्थित कार्यालय भएको ................................................................. फर्म वा कम्पनीलाई इजाजतपत्र प्रदान गरिएको छ ।

इजाजतपत्र दिने अधिकारीको

दस्तखत :-

नाम :-

वर्ग :- पद :-

मिति :- कार्यालय :-

नवीकरण

| नवीकरण गर्ने अधिकारी | नवीकरण गरेको मिति | नवीकरण वहाल रहने अवधि | नवीकरण दस्तुर भौचर नं. र मिति | नवीकरण गर्ने अधिकारीको दस्तखत |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |

**अनुसूची-३**

**(दफा १० को उपदफा २ सँग सम्बन्धित)**

**इजाजतपत्र अभिलेख**

इजाजतपत्रको क्रम संख्या :-

(अनुसूची-२ मा उल्लिखित क्र.स. उल्लेख गर्ने)

**खण्ड-क**

१. निर्माण व्यवसायी (फर्म वा कम्पनी) को विवरण :-

(क) नाम :-

(ख) ठेगना :-

२. निर्माण व्यवसायी दर्ता गर्ने कार्यालयको विवरण :-

(क) नाम :-

(ख) ठेगाना :-

३. निर्माण व्यवसाको विवरण :-

(क) दर्ता :-

(ख) दर्ता मिति :-

४. इजाजतपत्रको विवरण :-

(क) इजाजतपत्रको वर्ग :-

(ख) वर्गीकृत समूह :-

५. इजाजतपत्र जारी गरेको शुरू मिति :-

## खण्ड-ख
## नवीकरण

| क्र. स. | नवीकरण भएको मिति | इजाजतपत्र नवीकरण दस्तुरको भौचर नं. | नवीकरण दस्तुर बुझाएको मिति | नवीकरण दस्तुर बझुाएको बैंक | नवीकरण गर्ने अधिकारीको दस्तखत | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

## खण्ड-ग
## कार्य अभिलेख विवरण

| क्र. स. | आयोजना वा कार्यालयको नाम | निर्माण कार्यको नाम | ठेक्का सम्झौता बमोजिमको रकम | कार्य प्रारम्भ मिति | कार्य सम्पन्न रकम | कार्य समाप्त मिति | सम्बन्धित अधिकारीको दस्तखत | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |

## खण्ड-घ
## निर्माण व्यवसायी कोषमा बुझाएको रकम

| क्र. स. | आयोजना वा कार्यालयको नाम | निर्माण कार्यको नाम | ठेक्का सम्झौता नम्बर | ठेक्का सम्झौता बमोजिमको रकम | कार्य सम्पन्न गर्दा लागेको कूल रकम | कोषमा बुझाएको रकम | सम्बन्धित अधिकारीको दस्तखत | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | |

**अनुसूची-४**

**दफा ११ को उपदफा २ सँग सम्बन्धित)**

**इजाजतपत्र नवीकरणको लागि दिइने दरखास्ताको ढाँचा**

श्री अध्यक्ष,
कार्यान्वयन समिति
अन्नपूर्ण गाउँ कार्यपालिकाको कार्यालय
कास्की ।

**विषयः इजाजतपत्र नवीकरण गरी पाउँ भन्ने बारे ।**

निर्माण व्यसाय सञ्चालन गर्ने इजाजतपत्र नवीकरण गर्नका लागि देहाय बमोजिमको विवरणहरू खुलाई यो दरखास्त पेश गरेको छु ।

१. निर्माण व्यवसायी (फर्म वा कम्पनी) को विवरण :-
   (क) नाम :-
   (ख) ठेगाना :-
   (ग) पोष्ट बक्स :-
   (घ) टेलिफोन नं. :-
   (ङ) फ्याक्स :-
   (च) ईमेल :-
२. निर्माण व्यवसायी दर्ता गर्ने कार्यालयको विवरण :-
   (क) नाम :-
   (ख) ठेगाना :-
३. निर्माण व्यवसायीको विवरण :-
   (क) प्रमाणपत्र नं. :-
   (ख) दर्ता मिति :-
   (ग) इजाजतपत्र नं :-
   (घ) इजाजतपत्र जारी भएको मिति :-
   (ङ) इजाजतपत्र जारी गर्ने कार्यालय :-

(च) नेपाल निर्माण व्यवसायी महासंघको सदस्यता नं. :-

(छ) नेपाल निर्माण व्यवसायी महासंघको सदस्यता नवीकरण मिति :-

४. नियुक्त कर्मचारीको विवरण

क. नाम :........................ पद ........................ सम्पर्क नं. .................

ख. नाम :........................ पद ........................ सम्पर्क नं. .................

ग. नाम :........................ पद ........................ सम्पर्क नं. .................

घ. नाम :........................ पद ........................ सम्पर्क नं. .................

६. इजाजतपत्र नवीकरण दस्तुर रु......... । थप दस्तुर रु ........................ अक्षरुपि ...................... जम्मा गरेको ........................ बैंकको सक्कल भौचर यसै साथ संलग्न छ ।

७. यस दरखास्त फारममा उल्लिखित सम्पूर्ण व्यहोरा ठीक साँचो छ । झूठा ठहरे कानून बमोजिम सहुँला बुझाउँला ।

निर्माण व्यवसायीको छाप

.................................

(दरखास्तावला)

निर्माण व्यवसायीको तर्फबाट

पद :-

नाम :-

मिति :-

**अनसूची-५**

**(दफा १२ सँग सम्बन्धित**

**इजाजतपत्र दर्ता किताव**

| क. स | इजाजतको विवरण | | | निर्माण व्यवसायी दर्ता गर्ने कार्यालय | | इजाजतपत्र जारी र नवीकरण मिति | | प्रमाणित गर्नेको हस्ताक्षर | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | दर्ता नं. | वर्ग | समूह | नाम | ठेगााना | जारी | नवीकरण | | |
| | | | | | | | | | |
| | | | | | | | | | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |

## अनुसूची-६
### (दफा १२ उपदफा १ सँग सम्बन्धित)
### “घ” वर्गको निर्माण व्यवसायीको आवश्यक योग्यता

१. आर्थिक क्षमता: प्राइभेट वा पब्लिक लिमिटेड कम्पनी वा साझेदारी फर्मको रूपमा घटीमा एक लाख रुपियाँ चालु पूँजी देखाई घरेलु उद्योग तथा गाउँपालिका उद्योग विकास शाखामा दर्ता भएको हुनुपर्नेछ ।

२. मुख्य जनशक्ति विवरण: सिभिल इञ्जिनियरिङ विषयमा कम्तिमा प्रमाणपत्र तह उत्तीर्ण एक जना प्राविधिक, कुनै विषयमा प्रमाणपत्र तह उत्तीर्ण एक जना प्रशासनिक र वाणिज्य शास्त्र वा कर्मस विषयमा +२ उत्तीर्ण एक जना पूर्णकालनीन जनशक्तिको व्यवस्था हुनपर्नेछ ।

३. मेशिन र उपकरण:

(क) ट्रिपर/ट्र्याक्टर : १/१ थान

(ख) मिक्सर : १ थान

(ग) Theodolite/Level Machine : १ सेट

(घ) वाटर पम्प : ३ थान

(ङ) भार वाटर : ३ थान

द्रष्टव्यः

१. उपकरणको नामावली पेश गर्दा पकरणको स्वामित्वको प्रमाणपत्रका साथै वीमा गरेको कागजहरू पेश गर्नुपर्नेछ ।

२. माथि उल्लिखित यान्त्रिक उपकरणहरू ठी अवस्थामा भएको कुरा मेकानिकल इञ्जिनियरिङ विषयमा कम्तिमा स्नातक तहको शैक्षिक योग्यतामा भएको नेपाल इञ्जिनियर्स एशोसिएशनको सदस्यता प्राप्त मेकानिकल इञ्जिनियरले प्रमाणित गरेको हुनुपर्नेछ ।

३. माथि उल्लिखित यन्त्र तथा उपकरणहरू दर्ता भएको मितिले घटीमा दुई वर्षसम्म बेचविखन गर्न पाइने छैन ।

४. पन्ध्र वर्ष भन्दा बढी पुराना यन्त्र तथा उपकरणहरू निर्माण व्यवसायीको स्तरवृद्धि तथा नयाँ दर्ता हुने प्रयोजनका लागि मान्य हुने छैन ।

**अनुसूची-७**

**(दफा १४ उपदफा १ सँग सम्बन्धित)**

**सार्वजनिक निर्माण कार्यको विवरण**

श्री अध्यक्ष
कार्यान्वयन समिति
अन्नपूर्ण गाउँ कार्यपालिकाको कार्यालय,
कास्की ।

**विषयः निर्माण कार्य विवरण पेश गरेको बारे ।**

निर्माण व्यवसाय ऐन, २०५५ र निर्माण व्यवसाय नियमावली, २०५६ बमोजिम सार्वजनिक निर्माण कार्यको विरवण निम्नानुसार खुलाई पेश गरेको छु ।

१. निर्माण व्यवसायीको विवरण
 (क) नाम :-
 (ख) ठेगाना :-

२. कार्य योजनाको नाम :-

३. आयोजना/कार्यालयको विवरण
 (क) आयोजनाको नाम :-
 (ख) ठेगाना :-
 (ग) आयोजना स्वीकृत गर्ने कार्यालय :-

४. निर्माण व्यवसायीतर्फको इञ्जिनियरको विवरण :-
 (क) नाम :-
 (ख) काम गरेको अवधि :-

(ग) नेपाल इन्जिनियर्स एशोसिएशनको सदस्यता नं. :-

५. मुख्य जनशक्ति :-

(क) प्राविधिक :-

(ख) अप्राविधिक :-

६. ठेक्का सम्पन्न भए बमोजिमको रकम :- रु.....................................

७. ठेक्का सम्झौता बमोजिमको रकम :- रु........................................

८. भेरियसन भए/नभएको । यदि भएमा,

(क) वृदि भएको रकम रु................................................

(ख) कम भएको रकम रु...............................................

९. निर्माण कार्यको संक्षिप्त विवरण :-

(क)

(ख)

(ग)

(घ)

१०. कार्य समापन प्रमाणपत्र प्राप्त मिति :-

११. इजाजतपत्र नं.

फर्म वा कम्पनीको छाप

दरखास्तावाला :-

नाम :-

दस्तखत :-

## अनुसूची-८
## (दफा १४ को उपदफा २ सँग सम्बन्धित)
## सार्वजनिक निर्माण कार्यको विवरण अभिलेख

| क्र. स. | निर्माण व्यवसायीको नाम | इजाजतपत्र नं. | निर्माण कार्यको नाम | आयोजनाको नाम | आयोजना स्वीकृत गर्ने कार्यालयको नाम | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

## अनुसूची-९
## (दफा १६ सँग सम्बन्धित)
## सहुलियतमा पैठारी गरिएका समानको विवरण

श्री अध्यक्ष
कार्यान्वयन समिति
अन्नपूर्ण गाउँ कार्यपालिकाको कार्यालय
कास्की ।

**विषयः विवरण पेश गरिएको बारे ।**

निर्माण व्यवसाय ऐन, २०५५ र निर्माण व्यवसाय नियमावली, २०५६ बमोजिम नेपालभित्र सहुलियतमा पैठारी गरिएको सवारी साधन, मेशनरी औजार तथा अन्य यन्त्र तथा उपकरणको विवरण निम्न बमोजिम खुलाई पेश गरिएको छ ।

१. निर्माण व्यवसायीको विवरण :-
  (क) नाम :-
  (ख) ठेगाना :-
२. कार्य योजनाको नाम :-
३. ठेक्काको सम्झौता नम्बर :-
४. सम्झौता अवधि :-
५. आयोजना/कार्यालयको विवरण :-
  (क) आयोजनाको नाम
  (ख) ठेगाना :-
  (ग) आयोजना स्वीकृत गर्ने कार्यालय :-
६. सहुलियतमा पैठारी गरिएका समानहरूको विवरण :-

| क.स | सामानको विवरण | मोडल (नमूना) | क्षमता | निर्माण भएको साल | निर्माता कम्पनी | पैठारी मिति | भन्सार महशुल | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | |
| | | | | | | | | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |

७. सम्झौता बमोजिम सहुलियतमा झिकाउन पाउने समानहरूको विवरण खुलेको बील अफ क्वान्टीटीको नक्कल यसै दरखास्तसाथ पेश गरेको छु ।

८. यस दरस्खास्तमा उल्लिखित विवरण ठीक साँचो छ । झूठ्ठा ठहरे कानून बमोजिम सहुँला बुझाउँला ।

फर्म वा कम्पनीको छाप

दरखास्तावाला :-

नाम :-

दस्तखत :-

मिति :-

**प्रमाणिकरण मिति : २०७४/१२/२९**

**राजपत्रमा प्रकाशित मिति : २०७५/०३/१२**

आज्ञाले,

शेषकान्त पौडेल

प्रमुख प्रशासकीय अधिकृत